# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## माघे संक्रान्ति २०७८ को शुभकामना सन्देश !

भौगोलिक, जातीय र सांस्कृतिक विविधताले भरिपूर्ण हाम्रो देश नेपालमा माघे संक्रान्तिलाई उत्साहपूर्वक मनाउने सम्पूर्ण समुदायमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सबै समुदायले मनाउने चाडपर्वहरु राष्ट्रिय पर्व हुन् । यस्ता पर्वहरुले हामी नेपालीलाई सहिष्णुतापूर्वक एउटै सुत्रमा बाध्ने काम गरेको छ । यस सन्दर्भमा सूर्य धनु राशीबाट मकर राशीमा प्रवेश गर्ने आजको दिनलाई मकर संक्रान्ती वा माघी पर्वका रुपमा मनाइने गरिएकाले यसको आफ्नै विशेषता र सांस्कृतिक महत्व छ । यस पर्वले एक आपसमा सद्भाव, सहिष्णुता र प्रगाढ पारस्परिक सम्बन्ध अभिवृद्धि गराउन थप मदत पुग्नेछ भन्ने विश्वास गर्दै पुनः सबैमा शुभकामना व्यक्त गर्दछु ।

हामीले मनाउने पर्वहरुको विशेषता र महत्वमा कुनै प्रकारको कमी नहुने गरी कोरोना संक्रमणको जोखिमबाट सुरक्षित रहन स्वास्थ्य मापदन्डको पालना गर्दै चाडपर्वहरु मनाउँन समेत आग्रह गर्दछु ।

धन्यवाद !

२०७८ माघ १ गते शनिबार

यादवचन्द्र शर्मा
प्रदेश प्रमुख